प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, स्याङ्जा
गण्डकी प्रदेश

पत्रसंख्या : प्र./०७६/७७
चलानी नं. : ३५३

मिति : २०७७/०१/०३

## स्याङ्जा र कास्की जिल्लाका समस्त कृषकहरुमा कृषि ज्ञान केन्द्र स्याङ्जाको अनुरोध ।

कोरोना भाइरस रोग (COVID 19) को विश्वव्यापी संक्रमण र महामारीबाट सिर्जित असहज परिस्थितीका बावजुद पनि नेपाल सरकारद्धारा तोकिएको न्यूनतम मापदण्ड र सामाजिक दुरी कायम गर्दै सुरक्षित रही कृषि उत्पादन कार्यलाई निरन्तरता दिन र खाद्यवस्तुमा आत्मनिर्भर रहनका लागि तपसिल बमोजिम गर्नु हुन अनुरोध गरिन्छ ।

१) संभव भए सम्म स्थानीय उत्पादनहरुको उपभोगमा जोड गरौ । दैनिक खानामा कम्तीमा पनि एक छाक स्थानीय उपजका परिकारहरुको उपभोग गरौं ।

२) तपाईं हाम्रो वरिपरी भएको बाँझो जग्गाको उपभोग गरौं । सकिन्छ आँफै गरौं, सकिँदैन भने दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरुलाई निश्चित अवधीकालागि उक्त जग्गा प्रदान गरी स-सम्मान खेती गर्न प्रोत्साहन गरौं । हालको अवस्थामा ग्रामिण क्षेत्रमा रहेको श्रमलाई कृषि कार्यका लागि सुरक्षित र अधिकतम उपयोग गरौं ।

३) स्थानीय एवं रैथाने तरकारीहरु जस्तै : सिस्नो, सिप्लीगान, बेथे, लट्टे, जलुका, निउरो जस्ता सागपातहरु अन्य तरकारी भन्दा बढी पोषिलो र स्वस्थकर हुने हुँदा तिनीहरुको संरक्षण गर्दै उपभोग गरौं ।

४) अहिलेको सिजनमा चाँडो तयार हुने तरकारी बालीहरु : ४० दिने मुला, मनकामना जातको रायो, सागको लागि उपभोग गर्नकालागि तोरी (स्थानीय जातको समेत), केही ढिलो फल्ने तरकारीहरु : चौमासे सिमी, मालेपाटन १ सिमी, भण्टा, खुर्सानी, टनेल भित्र बिभिन्न जातका गोलभेंडा, गोलभेंडा सँगै धनिया, सागको लागि मेथी, चम्सुरको खेती गरौं ।

५) हाल मकै बालीको सिजन रहेको र मकै बालीमा यस वर्ष अमेरिकन फौजी कीरा (Fall Army Worm, FAW) को प्रकोपको अत्यन्त जोखिमको सम्भावना रहेकाले मकै बालीमा प्रकोपको अवस्था बुझ्न कम्तीमा पनि तीन दिनको फरकमा नियमित अवलोकन गरौं र कीरा वा अन्य कुनै रोगको प्रकोप देखिए प्राविधिक परामर्शको लागि यस कार्यालयबाट उपलब्ध गराईएको सम्पर्क नम्बरमा सम्पर्क गरौं ।

शालिक राम अधिकारी
प्रमुख

क्रमशः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, स्याङ्जा
गण्डकी प्रदेश

पत्रसंख्या : प. /०७६/७७
चलानी नं : ३६९

मिति : २०७७/०१/०३

६) यस क्षेत्रमा प्रचलित धानका जातहरु मन्सुली र जेठोबुडोको बीउ राख्ने बेला भएकाले सो कार्य वैशाख १५ भित्र सम्पन्न गरी सकौ । बीउको उपलब्धतामा कठिनाइ भएको खण्डमा यस कार्यालयको सम्पर्क नम्बरमा सम्पर्क गरौ ।

७) यस क्षेत्रमा प्रचलित धानका अन्य जातहरु रामधान, सावित्री, खुमल, पानी कम भएको क्षेत्रका लागि सुख्खा धानको बीउको उपलब्धतामा समस्या रहेको खण्डमा यस कार्यालयमा जानकारी गराऔ ।

८) यस कार्यालय सँग २०७६ चैत्र २३ भन्दा अगावै सम्झौता भई कार्यान्वयनमा रहेका बिभिन्न बालीका मोडेल फार्म, साना सिँचाइका कार्यहरु, पकेट तथा ब्लकका कार्यक्रमहरु सुरक्षित रुपमा सुचारु गरौ ।

९) रासायनिक मलको प्रयोगलाई कम गर्नकालागि आफनो खेत बारी वरीपरि र वन जंगलमा रहेका चाँडो कुहिने पात पतिङ्गर/स्याउलाको प्रयोग गरी कम्पोष्ट मल तयार गरौ । गोवरमलको उचित रुपमा व्यवस्थापन गरौ । गोवरमलमा भन्दा गाई वस्तुको मुत्रमा विरुवालाई चाहिने पौष्टिक तत्व बढी हुने हुनाले मुत्र संकलनलाई व्यवस्थित गरी प्रयोग गरौ ।

रासायनिक मलको प्रयोग गर्नै पर्ने अवस्थामा यसको उपलब्धतामा कुनै समस्या रहेमा यस कार्यालयमा सम्पर्क गरौ

१०) उपरोक्त सम्बन्धमा कुनै प्रकारको प्राविधिक सेवा/परामर्श र अन्य सहजीकरणका लागि तपसिल बमोजिम सम्पर्क गर्नु हुन

**बाली, बागवानी (फलफुल, तरकारी खेती) : कृषि प्रसार अधिकृत,** ईश्वरी प्रसाद अर्याल -९८५६०५४०८५

: **बागवानी विकास अधिकृत,** सोनी राना -९८४७०८७९२९

**बाली संरक्षण (बाली बिरुवाका रोग/कीरा) र योजना : बाली संरक्षण अधिकृत,** संजिव बास्तोला -९८४६००१०६४

: **अधिकृत छैठौं,** विष्णु ओझा -९८५१२५५९११

: **प्रा स,** दिलिप नेपाली -९८४६१२२२१०

**अन्य कुनै थप जानकारी : कार्यालय प्रमुख,** शालिकराम अधिकारी, ९८५६०२८४४४

हरेक कृषि कार्यमा सामाजिक दुरी अनिवार्य कायम गरौ । आँफु पनि सुरक्षित रहौ र अरुलाई पनि सुरक्षित राखौ ।

शालिक राम अधिकारी
प्रमुख